apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: १०८ ● पृष्ठ: ४ ● २३ वैशाख २०८३ बुधबार (06 May 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/



भूमि आयोग निस्क्रिय पारेर अध्यादेशबाट ल्याइयो नयाँ समिति वा कार्यदल गठनको व्यवस्था

समाचार पृष्ठ ३

## सिरहाका सबै विद्यालयमा दुई दिन बिदा अनिवार्य

### आइतबार कक्षा सञ्चालनमा पूर्ण रोक, निर्देशन उल्लङ्घन गरे कारबाही हुने चेतावनी

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २२ गते**




शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय को निर्णय कार्यान्वयन गर्दै सिरहा जिल्लाका सबै सामुदायिक तथा संस्थागत विद्यालयहरूमा शनिबार र आइतबार दुई दिन बिदा अनिवार्य गरिएको छ । आइतबार कक्षा सञ्चालन नगर्न कडा निर्देशनसमेत जारी गरिएको छ।

शिक्षा विकास तथा समन्वय इकाइ, सिरहाले मंगलबार जारी गरेको परिपत्रअनुसार मन्त्रालयको निर्णयबमोजिम जिल्लाभरका विद्यालयहरूमा हप्तामा दुई दिन सार्वजनिक बिदा लागू हुनेछ । यसअनुसार शनिबार र आइतबार विद्यालय पूर्ण रूपमा बन्द रहनेछन्।

परिपत्रमा केही विद्यालयहरूले आइतबारसमेत कक्षा सञ्चालन गरिरहेको गुनासो आएको उल्लेख गर्दै त्यसप्रति गम्भीर ध्यानाकर्षण गराइएको छ। इकाइले सबै स्थानीय तह तथा तिनअन्तर्गतका विद्यालयहरूलाई उक्त व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिएको छ।

इकाइले विद्यालयहरूलाई नयाँ बिदा व्यवस्थाअनुसार आफ्नो वार्षिक शैक्षिक कार्यतालिका, पठनपाठन समय तथा अन्य शैक्षिक गतिविधिहरू पुनःसमायोजन गर्न पनि निर्देशन दिएको छ । साथै, नियमित कक्षासँगै अतिरिक्त तथा रचनात्मक क्रियाकलापहरू पनि सोही तालिकाअनुसार सञ्चालन गर्न आग्रह गरिएको छ।

निर्देशन उल्लङ्घन गरी आइतबार कक्षा सञ्चालन गरेको पाइएमा आवश्यक कारबाही गरिने स्पष्ट चेतावनीसमेत दिइएको छ।

दुई दिन बिदाको व्यवस्था लागू भएसँगै विद्यार्थी र शिक्षकबीच कार्य-आराम सन्तुलन कायम हुने अपेक्षा गरिएको छ भने जिल्लाभर एउटै मापदण्डअनुसार विद्यालय सञ्चालन हुने विश्वास गरिएको छ।

## मधेशमा सत्ता फेर्ने कसरत




- जनमत पार्टीले मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिएपछि सत्ता समीकरण फेरिने कसरत सुरु भएको छ ।
- पार्टीभित्र समर्थन फिर्ता र सरकारमा बस्ने विषयमा मतभेद देखिएको छ भने मन्त्रीहरूले पद नछाड्ने अडान लिएका छन् ।
- सत्ता परिवर्तनका लागि अन्य दलहरूसँग अनौपचारिक छलफल जारी छ र प्रदेशको राजनीतिक अवस्था अन्योलपूर्ण बनेको छ ।

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २२ गते**

सत्ता सारथि दल जनमत पार्टीले अकस्मात समर्थन फिर्ता लिँदै मन्त्रीलाई सरकारबाट अलग हुन निर्देशन दिएपछि मधेश प्रदेशमा ५ महिनापछि फेरि सत्ता फेर्ने कसरत थालिएको छ।

कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारलाई अल्पमतमा पारेर सत्ता समीकरण फेर्ने निर्णयले जनमत पार्टीभित्र दुई धार देखिएको छ। जनमत पार्टीका अध्यक्ष डा. चन्द्रकान्त(सिके) राउतको निर्देशनमा ९ जना प्रदेश सांसदले मुख्यमन्त्री कृष्णप्रसाद यादवको नेतृत्वमा रहेको सरकारलाई दिएको समर्थन फिर्ता लिइसकेका छन्। राउतले मंगलबार पार्टीका महासचिव एवं मधेश प्रदेशका प्रमुख सचेतक चन्दन सिंहलाई संसदीय दलको नेता चयन गरेका छन्।

जनमत पार्टीले सरकारबाट फिर्ता हुन भनिएको अर्थमन्त्री महेशप्रसाद यादव र खेलकुद तथा समाजकल्याणमन्त्री बसन्त कुशवाहा भने मंगलबार अपराह्नसम्म पदमै छन् । संसदीय दलका नेताको

बाँकी पृष्ठ ४ ▸▸

## अलपत्र कामकाजी भाषा

### मधेश प्रदेश सरकारले कामकाजी भाषा तोक्न नसक्दा नागरिकलाई प्रशासनिक सेवामा समस्या

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २२ गते**




मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले २१ मंसिर २०८२ मा मातृभाषा बज्जिकामा पद तथा गोपनीयताको शपथ लिए । सोही अवसरमा अर्थमन्त्री महेश यादव र ७ पुसमा सभामुख रामअशिष यादवले मातृभाषा मैथिलीमा शपथ लिएका थिए।

जनप्रतिनिधिले आफ्नै भाषामा शपथ लिने संस्कार सुरु भए पनि मधेशका नागरिकले प्रशासनिक कामकाजमा मातृभाषा प्रयोग गर्न पाएका छैनन् । प्रदेश सरकारले सरकारी कामकाजको भाषा निर्धारण गर्ने ऐन बनाउन नसक्दा नेपालीबाहेकका मातृभाषा प्रयोग गर्न पाउने संवैधानिक हकको उपभोग गर्नबाट नागरिक वञ्चित छन्।

मुलुक संघीय संरचनामा गएपछि बनेको दोस्रो प्रदेश सरकारको कार्यकालसमेत बित्न लाग्दा पनि कामकाजी भाषाको टुंगो नलाग्नु विडम्बनापूर्ण भएको सेवाग्राहीको गुनासो छ।

संविधानको धारा ७ को उपधारा २ मा प्रदेशले नेपाली भाषाका अतिरिक्त आफ्नो प्रदेशभित्र बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्रभाषालाई प्रदेश कानुनबमोजिम सरकारी कामकाजको भाषा निर्धारण गर्न सक्ने स्पष्ट व्यवस्था छ।

यस सम्बन्धमा उच्च अदालत, जनकपुरले ६ फागुन २०८२ मा प्रदेशसभाका नाममा निर्देशनात्मक आदेशसमेत जारी गरिसकेको छ । अदालतका कामु मुख्यन्यायाधीश टेकनारायण कुँवर र न्यायाधीश

बाँकी पृष्ठ ३ ▸▸

## एसइई नतिजा तयारी अन्तिम चरणमा, वैशाखभित्रै प्रकाशित हुने

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २२ गते**




माध्यमिक शिक्षा परीक्षा (एसइई) नतिजा यही वैशाखभित्रै प्रकाशित हुने भएको छ । परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा-१० का परीक्षा नियन्त्रक टुकराज अधिकारीले वैशाखभित्रै नतिजा प्रकाशित हुने गरी अहिले काम भइरहेको जानकारी दिए।

उनका अनुसार अहिले एसइई नतिजा प्रकाशनको काम अन्तिम चरणमा पुगेको छ। 'नतिजा प्रकाशनको काम अब अन्तिम चरणमा पुगेको छ', उनले अपन दैनिकसँग भने, 'अबको एक साताभित्र नतिजा प्रकाशित सम्भव नहोला तर वैशाखभित्रै नतिजा भने प्रकाशित हुन्छ, धेरै काम सकिएको छ।'

वैशाख महिना सकिन ९ दिन बाँकी छ। उसो त बोर्डका अनुसार वैशाख अन्तिमतिर नतिजा प्रकाशित गर्ने गरी काम भइरहेको छ।

२०८२ को एसइई परीक्षा गत चैत १९ गतेदेखि शुरु भएर २९ गते सकिएको थियो।

सरकारले एक महिनाभित्रै एसइई नतिजा प्रकाशन गर्न राष्ट्रिय परीक्षा बोर्डलाई निर्देशन दिएपछि बोर्डले

बाँकी पृष्ठ २ ▸▸

## खैरो हेरोइनसहित दुईजना पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २२ गते**

सिरहाको धनगढीमाई नगरपालिका-५, तेत्तिसबिघाबाट प्रहरीले खैरो हेरोइनजस्तो देखिने पदार्थसहित दुई युवकलाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालयका अनुसार लागुऔषध बिक्री-वितरण भइरहेको गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय धनगढी र लागुऔषध नियन्त्रण कार्यालय गोलबजारको संयुक्त टोलीले दुई युवकलाई प्लास्टिकबाहेक आठ ग्राम खैरो हेरोइनजस्तो पदार्थसहित पक्राउ गरेको हो।

पक्राउ पर्नेहरूमा धनगढीमाई वडा नम्बर ५ का करिब २० वर्षीय भरतकुमार मण्डल र वडा नम्बर १० का करिब २१ वर्षीय जीवछ

बाँकी पृष्ठ ३ ▸▸




## विद्यार्थी र कर्मचारी संगठन खारेज गर्ने सरकारी निर्णय स्वागतयोग्य: उपमेयर महतो

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २२ गते**



लहान नगरपालिकाका उपमेयर रामचलितर महतोले सरकारद्वारा विद्यार्थी संगठन तथा कर्मचारी संगठन खारेज गर्ने निर्णयलाई स्वागतयोग्य बताएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै उनले उक्त निर्णयले शिक्षा र सेवा क्षेत्र सुधारतर्फ सकारात्मक संकेत दिएको उल्लेख गरेका हुन्।


उपमेयर महतोले विद्यार्थीको मूल दायित्व शिक्षा आर्जन गर्नु र कर्मचारीको प्रमुख काम जनतालाई सेवा दिनु रहेको स्पष्ट पार्दै पछिल्लो समय यी दुवै क्षेत्र अत्यधिक राजनीतीकरणका कारण प्रभावित भएको टिप्पणी गरेका छन्। उनका अनुसार विद्यार्थी र कर्मचारी दुवै समूह

बाँकी पृष्ठ ४ ▸▸

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# लिपुलेक विवादमा बालेन सरकार आक्रामक, स्वीकार गर्न तयार छैन भारत

**रुमिला पौडेल**



यो पटक होइन, पटकपटक नेपाल भारत सीमाबारे विवाद उठ्दै आएको छ। त्यसमध्ये लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र पनि एक हो।

नेपालले लिपुलेक पास हुँदै कैलाश मानसरोवर जाने बाटोमा पर्ने भू-भाग आफ्नो भएको पटकपटक दाबी गरिरहँदा भारत त्यसलाई स्वीकार गर्न तयार छैन।

अहिले पनि नेपाल सरकारले लिपुलेक पास हुँदै सञ्चालन गर्न लागिएको कैलाश मानसरोवर यात्रा सम्बन्धमा आफ्नो कूटनीतिक सक्रियता तीव्र बनाएको छ। सरकारले उक्त मार्ग नेपाली भू-भागमा पर्ने दाबी गर्दै भारत र चीन दुवैलाई औपचारिक रूपमा ध्यानाकर्षण गराएको छ। नेपालले यो विषय पटकपटक दोहोर्याउँदै आएको हो।

तर, भारतले भने यो मार्ग ऐतिहासिक रूपमा प्रयोग हुँदै आएको पुरानै रुट भएको प्रतिक्रिया दिएको छ। पछिल्ला घटनाक्रमले सीमा विवाद पुनः बहसको केन्द्रमा आएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार, १८१६ को सुगौली सन्धीले महाकाली नदीपूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र नेपालकै अभिन्न भू-भाग भएको स्पष्ट गरेको छ। यही आधारमा नेपालले लिपुलेक हुँदै कुनै पनि प्रकारका गतिविधि- तीर्थयात्रा होस् वा व्यापार, त्यसलाई अघि बढाउँदा आफ्नो सहमति अनिवार्य हुनुपर्ने अडान दोहोर्याउँदै आएको छ। बालेन सरकारले अहिले त्यो अडान कायम राखेको हो।

परराष्ट्र मन्त्रालयले जारी गरेको प्रेस नोटमा नेपालले यस विषयमा भारत र चीन दुवैलाई कूटनीतिक माध्यमबाट पुनः जानकारी गराइसकेको उल्लेख गरेको छ। यसअघि भारतले सन् २०२६ जुनदेखि अगस्टसम्म सञ्चालन हुने गरी कैलाश मानसरोवर यात्राका लागि नयाँ तालिका सार्वजनिक गरेको थियो।

भारतीय विदेश मन्त्रालयका अनुसार, यात्रामा २० समूह सहभागी हुनेछन्, जसमा केही समूह उत्तराखण्ड हुँदै लिपुलेक पासबाट र अन्य समूह नाथु ला पास हुँदै जानेछन्। प्रत्येक समूहमा करिब ५० जना यात्रु रहने व्यवस्था गरिएको छ। धार्मिक रूपमा अत्यन्त महत्वपूर्ण मानिने यो यात्रा हरेक वर्ष हजारौं श्रद्धालुहरूको आकर्षणको केन्द्र रहँदै आएको छ।

तर, नेपालले भने आफ्नो भूमि प्रयोग गरेर सञ्चालन गरिने यस्तो गतिविधिमा आफूलाई जानकारी नदिइनु कूटनीतिक मर्यादाविपरीत भएको जनाएको छ। नेपालले विगतमा पनि उक्त क्षेत्रमा सडक निर्माण, व्यापार विस्तार र तीर्थयात्रा जस्ता गतिविधि नगर्न भारतलाई आग्रह गर्दै आएको थियो। चीनलाई समेत लिपुलेक क्षेत्र नेपालको भू-भाग भएको विषयमा आधिकारिक रूपमा अवगत गराइसकेको नेपालले जनाएको छ।

हालै भारतले नेपालको कूटनीतिक नोटको जवाफ दिँदै आफ्नो धारणा स्पष्ट र स्थिर रहेको बताएको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रन्धिर जैसवालले लिपुलेक हुँदै सञ्चालन हुने कैलाश मानसरोवर यात्रा सन् १९५४ देखि चलिरहेको पुरानो मार्ग भएको उल्लेख गर्दै यसलाई नयाँ विषयका रूपमा नहेर्न आग्रह गरेका छन्। त्यस्तै, भारतले नेपालको केही भू-भागसम्बन्धी दाबी ऐतिहासिक प्रमाणमा आधारित नभएको दाबी गर्दै त्यस्ता एकतर्फी दाबी अस्वीकार्य हुने नै बताइदिएको छ। यद्यपि, सीमा विवाद समाधानका लागि संवाद र कूटनीतिक माध्यमबाट छलफल गर्न भारत तयार रहेको पनि जनाएको छ।

यसैबिच, सरकारका प्रवक्ता तथा शिक्षामन्त्री सस्मित पोखरेलले नेपाल आफ्नो भू-भागको विषयमा स्पष्ट र प्रतिबद्ध रहेको पुनः दोहोर्याएका छन्। सोमबार मन्त्रिपरिषद् बैठक पछि सञ्चारकर्मीसँग कुरा गर्दै उनले सीमा विवाद कूटनीतिक पहलमार्फत समाधान गर्नुपर्नेमा जोड दिए।

विश्लेषकहरूका अनुसार, धार्मिक यात्राको नाममा सुरु भएको यो विवाद भू-राजनीतिक रूपमा अझ जटिल बन्न सक्ने संकेत देखिएको छ। लिपुलेक हुँदै सञ्चालन हुने कैलाश मानसरोवर यात्रालाई लिएर नेपाल र भारतबीच देखिएको मतभेदले सीमा विवादलाई पुनः सतहमा ल्याएको छ। आगामी दिनमा कूटनीतिक संवाद र पारस्परिक समझदारीले मात्र यस समस्याको दिगो समाधान सम्भव हुने देखिन्छ।

## सम्पादकीय...

## सिरहामा सार्वजनिक जग्गा अतिक्रमण र समाधान

सिरहा जिल्लामा सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण भएको छ। जिल्लामा हजारौं विगहा जग्गा अतिक्रमणमा परेको छ। यो समस्या नयाँ होइन। तर पछिल्लो समय यसले गम्भीर रूप लिएको देखिन्छ। जिल्ला प्रशासन कार्यालय सिरहाले यस विषयको समाधान खोजेको देखिन्छ। जसका लागि सरोकारवालासँग छलफल गर्न पहल गर्नु सकारात्मक कदम भएपनि, समस्या समाधानका लागि केवल बैठक र निर्देशन पर्याप्त हुँदैन। यसको लागि सरकारको भूमिका दिगो रणनीति र कडाइका साथ कार्यान्वयन गर्नुपर्नेमा नै देखिन्छ।

सार्वजनिक जग्गा अतिक्रमण हुनुका केही मुख्य कारणहरू छन्। कमजोर अनुगमन र कानुनी कार्यान्वयनको विषयका सम्बन्धित निकायहरूबीच समन्वय अभाव हुँदा अतिक्रमण गर्नेहरूलाई कारबाहीको डर कम भयो। राजनीतिक संरक्षण र दबाब निकै नै रहेको पाईन्छ। कतिपय अवस्थामा प्रभावशाली व्यक्तिहरूको संलग्नताले अतिक्रमणलाई मौन स्वीकृति जस्तै बनायो। अव्यवस्थित भू-अभिलेख र नापी प्रणालीको रुपमा स्पष्ट हुनुपर्छ। स्पष्ट सीमांकन नहुँदा सार्वजनिक र निजी जग्गाबीच विवाद सिर्जना भयो। तीव्र शहरीकरण र बसोबासको दबाबले पनि समस्य छ। जनसंख्या वृद्धि र अव्यवस्थित बसाइँसराइले सार्वजनिक जमिनमाथि दबाब बढायो।

अतिक्रमणका कारण सडक, खोलानाला, विद्यालय, स्वास्थ्य संस्था जस्ता सार्वजनिक पूर्वाधार प्रभावित भएका छन्। यसले विकास निर्माणमा अवरोध मात्र होइन, दीर्घकालीन रूपमा सामाजिक असमानता र अराजकता निम्त्याउने जोखिम पनि बढाएको छ। अब कडा र निष्पक्ष कार्यान्वयनको जरुरी देखिएको छ। सार्वजनिक जग्गाको डिजिटल अभिलेखीकरण र स्पष्ट सीमांकन तत्काल गर्नुपर्छ। अतिक्रमण हटाउने कार्य राजनीतिक प्रभावबाट मुक्त हुनुपर्छ।

स्थानीय तह, प्रहरी, नापी र मालपोतबीच समन्वयमा आधारित संयन्त्र बनाएर नियमित अनुगमन गर्नुपर्छ। अतिक्रमण गर्नेहरूलाई कानूनी कारबाही कडाइका साथ लागू गर्नुपर्छ। त्यससगै दीर्घकालीन रूपमा, व्यवस्थित शहरी योजना र बसोबास नीति आवश्यक छ। सार्वजनिक जग्गा कुनै व्यक्तिको निजी सम्पत्ति होइन। यो सम्पूर्ण नागरिकको साझा सम्पत्ति हो। त्यसैले यसको संरक्षण राज्यको मात्र होइन, समाजको पनि दायित्व हो। सिरहा जिल्लामा अहिले देखिएको अतिक्रमण समस्या समाधान गर्न ढिलाइ गर्नु हुँदैन। अब बैठक र छलफलभन्दा अघि बढेर ठोस कार्यान्वयनको समय आएको छ। त्यससंगै जिल्ला प्रशासन कार्यालय सिरहाले थालेको प्रयासले सफलता हासिल गर्नुपर्छ।

# संविधान संशोधन बहसपत्र कार्यदलले गर्‍यो संवैधानिक निकायका पूर्वप्रमुख र पूर्वप्रशासकहरूसँग छलफल

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २२ गते**

संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले संवैधानिक निकायका पूर्वप्रमुख, पूर्वमुख्यसचिव, परराष्ट्रविद् तथा पूर्वप्रशासकहरूसँग छलफल गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा करिब तीन घण्टा चलेको परामर्शमा शासकीय स्वरूपदेखि संघीय संरचना, निर्वाचन प्रणाली र संवैधानिक निकायलगायत विषयमा गहन बहस भएको थियो।

प्रधानमन्त्रीका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले संविधान संशोधनलाई राष्ट्रिय सहमतिमा अघि बढाउने स्पष्ट पारेको छ।

संयोजक शाहले संविधान संशोधन जनअपेक्षा र वर्तमान आवश्यकता दुवै भएको उल्लेख गर्दै यसलाई दीर्घकालीन प्रभाव पार्ने संवेदनशील विषयका रूपमा सावधानीपूर्वक अघि बढाइने बताए।

छलफलमा सहभागी विज्ञहरूले शासकीय स्वरूप, निर्वाचन प्रणाली, संघीयता, प्रदेश तथा स्थानीय तहको अधिकार, स्वतन्त्र न्यायपालिका र

**बाँकी पृष्ठ ४ ▶▶**

## एसइई नतिजा तयारी अन्तिम चरणमा ................

'फाष्ट ट्याक'बाट छिटोछरितो नतिजा प्रकाशित गर्ने गरी अघि बढेको हो। यसअघिसम्म एसइई नतिजा प्रकाशन हुन करिब ३ महिना लाग्ने गरेको थियो तर यसपालिदेखि एक महिनामै नतिजा प्रकाशित हुने देखिएको छ।

**यसरी सम्भव हुँदै महिना दिनमै नतिजा**

परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा-१० का उपनियन्त्रक तारानाथ निरौलाका अनुसार यसअघिको एसईई मा उत्तरपुस्तिका सम्बन्धित परीक्षा केन्द्रबाट सकिएको प्रत्येक दिन सम्बन्धित सुरक्षानिकायमा जम्मा गरेर राखिन्थ्यो।

त्यसपछि त्यहाँबाट परीक्षा सकिएको दुई दिनसम्म शिक्षा विकास तथा समन्वय एकाइमा उत्तरपुस्तिका जम्मा हुन्थो। त्यहाँ उत्तरपुस्तिका प्याकेजिङ गरिसकेपछि प्रदेशान्तर गरेर एउटा प्रदेशको अर्को प्रदेशमा पर्ने गरी पठाइन्थ्यो।

उनले भने, 'प्रदेशमा उत्तरपुस्तिका पुग्न ३ देखि चार दिनसम्म लाग्थ्यो, त्यसपछि प्रदेश परीक्षाकेन्द्रले परीक्षकहरूलाई बोलाएर ओरेन्टेसन राख्थ्यो, अनि बल्ल उत्तरपुस्तिका परीक्षण हुन्थ्यो। यो परीक्षण गर्नमै १५ देखि २० दिन समय लाग्थ्यो, त्यसपछि उत्तरपुस्तिका र मार्कस्लिप यहाँ पनिकामा आएपछि इन्ट्री हुन्थ्यो। यही प्रक्रिया हुँदा लामो समय लाग्थ्यो।'

सरकारको निर्देशनअनुसार परीक्षा बोर्डले 'माध्यमिक शिक्षा परीक्षा (एसइई) सञ्चालन व्यवस्थापन तथा उत्तरपुस्तिका परीक्षण निर्देशिका-२०८२' जारी गरेसँगै नयाँ विकल्पबाट काम भएको हो।

छिटो नतिजा प्रकाशित गर्न बोर्डले प्रत्येक जिल्लामा रहेका परीक्षा केन्द्रहरू नै परीक्षण केन्द्रका रूपमा तोकियो। परीक्षा सकिएको एक सातामै त्यही केन्द्रबाट उत्तरपुस्तिका परीक्षणको काम सकियो। उत्तरपुस्तिका परीक्षणमा मात्रै २७ हजारभन्दा बढी शिक्षकहरू खटिएका थिए।

'यसपालि जहाँ परीक्षा भए त्यही ठाउँमा उत्तरपुस्तिका परीक्षण गराइयो, पहिला परीक्षणमा सुरक्षानिकाय, त्यहाँबाट एकाइ हुँदै प्रदेश केन्द्रमा पठाउँदा लगायत सबै प्रक्रिया सक्दा ३०-४० दिन लाग्थ्यो भने त्यही केन्द्रमै उत्तरपुस्तिका परीक्षण गर्दा पहिला लाग्ने त्यतिधैरै समय अहिले घट्यो। त्यही भएर छिटो नै परीक्षणको काम सकियो', उपनियन्त्रक निरौलाले भने।

यही कारण महिना दिनमै नतिजा प्रकाशित गर्ने सम्भावना बढेको उनले जानकारी दिए। राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, कक्षा-१० का अनुसार यो वर्ष एसइई परीक्षामा पाँच लाख १२ हजार ४२१ जना विद्यार्थी सहभागी भए।

## आजको राशिफल

**मेष** : निजी धनको सदुपयोग गर्ने दिन हो। शिक्षामा गरेको लगानी बढ्ने छ।
**बृष** : आज तपाईंले अरुलाई काम लगाएर फाइदा लिनुपर्ने दिन छ। शिक्षामा गरेको मिहिनेतको फल प्राप्त हुनेछ।
**मिथुन** : परिवारसँग सल्लाह गरेको कामबाट मात्र फाइदा हुनेछ। शिक्षा क्षेत्रको लगानीबाट मन खुशी हुनेछ।
**कर्कट** : आम्दानी भए पनि सदुपयोग नहुँदा मिहिनेतको फल प्राप्त नहुन सक्छ।
**सिंह** : बुद्धिको प्रयोग गरेर जीवनलाई अगाडि बढाउनु राम्रो हुन्छ। रिसले तपाईंको क्षति हुनेछ।
**कन्या** : आफन्तबाटै काममा अवरोध हुन सक्छ। आफू भन्दा ठुलाको सुझाव लिएर काम गरेमा सफलता मिल्ने छ।
**तुला** : धैरे जनाको चित्त बुझाउने काम गर्दा आफूलाई घाटा हुनेछ। सोचेर गरेको लगानी भए शिक्षामा फाइदा हुनेछ।
**वृश्चिक** : आफू भित्रको खुशी भुलेर बाहिर खुशी खोज्दा निराश हुनुपर्नेछ। आफूभित्र रमाउन सकेमा हरेक क्षेत्रमा उन्नति हुनेछ।
**धनु** : मन उत्साहित हुनेछ। परिवार र प्रेम सम्बन्ध सुमधुर बन्नेछ। गुरुको आर्शिवादले मन खुशी हुनेछ।
**मकर** : थोरै बोलेर धैरै काम गर्नुपर्नेछ। बिहानै शिवको भजन सुन्नु राम्रो हुनेछ। शिक्षा क्षेत्रमा प्रगति हुनेछ।
**कुम्भ** : सकारात्मक ठाउँमा शनिदेव भए उन्नतिको अवसर मिल्ने छ। परिवारसँगको सम्बन्ध सुमधुर हुनेछ।
**मीन** : आज शुभ दिन छ। अँटिका काम बन्नेछन्। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**
**ज्योतिष डा. बिबेक पाण्डेय**
**जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२**



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
**सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल**
**फोन नं. ०३३-५२०७१४**
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# भूमि आयोग निस्क्रिय पारेर अध्यादेशबाट ल्याइयो नयाँ समिति वा कार्यदल गठनको व्यवस्था

## सुकुम्बासी समस्या समाधान गर्न भूमि आयोगलाई पत्याएन सरकारले

**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख २२ गते**

प्रधानमन्त्री बालेन शाहले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न भूमिसम्बन्धी ऐन २०२१ का केही दफा खारेज गरेको उल्लेख गरेका छन्।



सोमबार सामाजिक सञ्जालमा स्ट्याटस लेख्दै प्रधानमन्त्री बालेनले भूमि ऐनका ती दफा दीर्घकालीन समस्या समाधानमा अवरोधका रूपमा रहेका बताएका थिए।

उनको भनाइको आसय के थियो? प्रधानमन्त्री बालेनले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधानमा अवरोध देखेका ती दफा के हुन्? अध्यादेशमार्फत् त्यसलाई खारेज गरेर सरकारले गरेको नयाँ व्यवस्था के हो?

यो स्टोरीमा हामीले यसैबारे चर्चा गरेका छौं।

सबभन्दा पहिला त सरकारले भूमि समस्या समाधान आयोग गठनको व्यवस्था नै झिकिदिएको छ। केही नेपाल कानुन संशोधन गर्न बनेको अध्यादेशमा भूमि ऐनको दफा ५२ (ख) को उपदफा ६, ७, ८ र ९ झिकिएको उल्लेख छ। राष्ट्रपतिले उक्त अध्यादेश जारी गरिसकेका छन्।

भूमि ऐनको उक्त दफाले आयोग गठन र यसको कामकारबाही तोकेको थियो।

दफा ५२ (ख) को उपदफा ६ मा भूमिहीन सुकुम्बासी पहिचान गरी लगत लिन, जग्गा पहिचान गर्न, स्थलगत अध्ययन गरी जग्गाको लगत लिन र प्रमाण संकलन गरेर सम्बन्धित परिवारलाई उपलब्ध गराउन आयोग गठन गर्ने व्यवस्था गरिएको थियो।

उपदफा ७ मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था थियो।

त्यस्तै, उपदफा ८ मा पहिलेका सरकारले पूरा गर्न नसकेका भूमिसम्बन्धी समस्या समाधान गर्ने भनिएको थियो।

उपदफा ९ मा आयोगको काममा सहजीकरणका लागि आवश्यकता अनुसार जिल्ला स्तरमा समिति गठन गर्ने व्यवस्था गरिएको थियो।

सरकारले अध्यादेशबाट दफा ५२ (ख) का यी चारैवटा उपदफा झिकेर भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन, प्रमाणीकरण र जग्गा उपलब्ध गराउने प्रक्रियाबाट भूमि आयोगको भूमिका नै हटाइदिएको छ। अब यी कामका लागि आयोगको कुनै भूमिका रहने छैन।

यिनै काम गर्न सरकारले आयोगको सट्टा समिति वा कार्यदल बनाउने व्यवस्था अध्यादेशमा गरेको छ। यसका लागि भूमि ऐनको दफा ५२ (ग) पछि ५२ ग(१) थपेर यस्तो व्यवस्था गरिएको हो।

'भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने तथा अवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि नेपाल सरकारले केन्द्र र जिल्ला तहमा समिति वा कार्यदल गठन गर्न सक्नेछ,' थपिएको उक्त दफामा भनिएको छ।

समिति वा कार्यदलले जग्गा उपलब्ध गराउने प्रयोजनका लागि भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र प्रमाण संकलन गरी जग्गा उपलब्ध गराउन सक्ने अध्यादेशमा उल्लेख छ।

समिति तथा कार्यदलमा रहने अध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य, अधिकार र कार्यविधि तोकिए अनुसार हुने पनि भनिएको छ। यसका लागि नयाँ नियमावली ल्याइने छ।

अध्यादेशको उक्त दफामा भनिए अनुसार अब गठन हुने समिति वा कार्यदलले पहिलेको सरकार, आयोग तथा कार्यदलहरूले वितरण गरेका जग्गाको स्वामित्व वा दर्ता श्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्या समाधान गर्नेछ।

अध्यादेशमार्फत् भूमि ऐनमा गरिएको संशोधन हेर्दा बालेन सरकारले भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा वितरण गर्ने काममा भूमि आयोगलाई नपत्याएको र त्यसको सट्टा आफ्नै हिसाबले नयाँ समिति वा कार्यदल गठन गर्न खोजेको मात्र देखिन्छ। नयाँ गठन हुने समिति वा कार्यदलले आयोगले भन्दा भिन्न काम केही गर्ने छैन।

प्रधानमन्त्री बालेनले विगतमा पनि आयोगको कामलाई पत्याएका थिएनन्। उनले काठमाडौं महानगरपालिकाको मेयर हुँदा सुकुम्बासीहरूको लगत संकलन गर्ने भनी भूमि आयोगसँग सम्झौता गरेका थिए। तर उक्त सम्झौता अनुसार लगत संकलनको काम कहिल्यै सुरू गराएनन्। बरू लगत संकलनको विधि मिचेर सुकुम्बासी बस्तीमा डोजर चलाउन खोजेका थिए। तत्कालीन सरकारले साथ नदिएपछि त्यति बेला उनको योजना पूरा हुन सकेको थिएन।

अहिले प्रधानमन्त्री भएपछि र खासगरी गृह मन्त्रालयको समेत कार्यभार सम्हालेपछि बालेनले पहिलो काम नै काठमाडौं उपत्यकाका सुकुम्बासी बस्तीमा डोजर चलाएका छन्। विधि र प्रक्रिया मिचेर सुकुम्बासी बस्ती हटाएको भन्दै सर्वोच्च अदालतलमा रिट पनि परेको छ। सर्वोच्चले मंगलबार उक्त रिटमा सुनुवाइ गर्दै सुकुम्बासी बस्ती हटाउँदा अपनाइएको विधि र हटाएपछि उनीहरूको मानवअधिकार अवस्थाबारे सरकारसँग विवरण मागेको छ। यो विषयमा अन्तरिम आदेश दिने/नदिने छलफल गर्न बुधबार दुवै पक्षलाई बोलाइएको छ।

बाँकी पृष्ठ ४

# सडक छैन तर लाखौं खर्चिएर फलामे पुल

**अपन दैनिक संवाददाता**
**राजविराज, वैशाख २२ गते**



सप्तरीको राजविराज नगरपालिका-५ सरस्वती टोलमा बजेट खर्च गर्नेका लागि भलुवाही खोलामा फलामे पुल निर्माण गरेको पाइएको छ।

संघीय सरकारको ससर्त अनुदानमा यसअघिका जनप्रतिनिधिको पालादेखि नै सो पुल निर्माण कार्य सुरु भएको थियो। अहिलेका जनप्रतिनिधि निर्वाचित भएर आएपछि पनि त्यहाँ दुईपटक ससर्त अनुदानको बजेट गरी ३५ लाखभन्दा बढी खर्चेर पुल निर्माण भएको हो।

तर, नगरपालिकाबाटै भुक्तानी हुँदासमेत स्थानीय जनप्रतिनिधिलाई फलामे पुल किन र कुन उद्देश्यले निर्माण गरिएको हो भन्ने विषयमा जानकारी नभएको बताए। त्यहाँ पुल निर्माण भएको हेर्दा उनीहरू पनि अनौठो मानिरहेका छन्। वडाध्यक्ष बन्धुलाल दासले त्यहाँ फलामे पुल निर्माणको कुनै औचित्य नरहेको बताए। 'पुल बनाउँदा हामीसँग कुनै प्रकारको समन्वय वा सल्लाह गरिएन,' उनले भने, 'त्यहाँ हाम्रे वडाका स्थानीय बसोबास गरिरहँदा पनि सिमाना भने ११ नम्बरको वडामा पर्छ। त्यता सोधेका हुन सक्छन्।'

वडा नम्बर ११ का अध्यक्ष उदितनारायण यादवले पनि कसले र कुन उद्देश्यले सो फलामे पुल बनाएको हो भन्ने विषय आफ्नो जानकारीमा नरहेको बताए। 'बाटो नभएको ठाउँमा पुल बनाएर कसलाई फाइदा हुन्छ? यो बजेट खर्च मात्रै हो,' उनले थपे, 'पुल मैले देखेको छु तर कसले र कहिले बनाएको हो भन्ने जानकारी छैन।' वडा नम्बर ५ का निवर्तमान वडाध्यक्ष समीरकुमार झाले आफूहरूको कार्यकालमा पुल निर्माण प्रक्रिया सुरु भएको विषय स्मरणमा रहेको बताए। 'तर, त्यही स्थानमा पुल बनाउने वा उपभोक्ता समिति गठन गर्ने/गराउने विषयमा त्यो बेला हामीसँग छलफल भएको थिएन,' उनले भने, 'हाम्रो कार्यकाल समाप्त भइसकेको बेला अन्य प्रक्रिया पूरा भएर पुल बनेको हुन सक्छ।'

पुलदेखि पश्चिमतर्फ सडक नै छैन। पूर्वतर्फ पनि पैदल हिँडडुल गर्ने बाटो रहे पनि हरेक वर्ष असार मसान्तमा हतार-हतार गरी निर्माण गर्दा सो पुलको मुखमै बिजुलीको पोल छ। पुल चढेर पश्चिमतर्फ निस्किँदा सय मिटरको दूरीमा पब्लिक विन्देश्वरी माध्यमिक विद्यालयको तारजालीले घेरा लगाइएको खेल मैदान छ।

पुलसम्म सडक सञ्जाल नहुँदा केही स्थानीयले त्यही तारजाली काटेर खेल मैदान हुँदै विद्यालयको गेटबाट बजारसम्म आवतजावत गर्छन्। विद्यालयका प्रधानाध्यापक मोहन मिश्रले पनि खेल मैदानको दक्षिणतर्फ कुनै किसिमको सार्वजनिक बाटो नरहेको बताए। 'हामीले दिनभरि तारजाली रेखदेख गरिरहँदा पनि राति-राति तारजाली काटेर क्षति पुऱ्याइरहेका छन्,' उनले भने, 'त्यहाँ कुनै किसिमको सार्वजनिक बाटो वा सडक छैन भने बाटो बन्नका लागि पनि हामीले कसैलाई सहमति दिएका छैनौं।'

पुलपारिको टोललाई राजविराज बजारसम्म जोड्ने सडक सञ्जालको भने अभाव छैन। शिक्षा विकास तथा समन्वय इकाइ अगाडिको सडक हुँदै सो टोलसम्म पुग्न फलामे पुलदेखि २ सय मिटर दक्षिणतर्फ नै पक्की पुल छ। त्यही सडक उनीहरूको मुख्य बाटो पनि हो। पक्की पुलबाट नै त्यहाँका स्थानीय सवारी साधनसहित बजारसम्म आउजाउ गर्छन्।

पुलका लागि निर्माण सामग्री आपूर्तिकर्ता सुन्दर कन्स्ट्रक्सन प्रालिका सञ्चालक राजकुमार यादवले आफूले फलामका सामग्री मात्रै आपूर्ति गरेको र अन्य विषय उपभोक्ता समितिलाई जानकारी हुनुपर्ने बताए। 'जहाँसम्म मलाई याद छ, त्यो बेला स्थानीय नेताहरूले त्यहाँ बाटो खुलाउँछौं भनेपछि पुल बनेको हो। पश्चिमतिर अहिले पनि सानो गल्लीको बाटो छ तर त्यो बाटोलाई फराकिलो बनाउन सकिएको छैन,' उपभोक्ता समितिमा को-को थिए भनी प्रश्न गर्दा उनले भने, 'मेरो जानकारीमा उपभोक्ता समितिआबद्ध सबै व्यक्ति बाहिर छन्। समितिमा भएकाहरूको नाम मलाई स्पष्ट भएन।'

त्यस विषयमा थप बुझ्न कार्यवाहक नगर प्रमुख इसरत परविनलाई पटक-पटक सम्पर्क गर्दा फोन उठेन। नगरपालिकाका सूचना अधिकारी सुरेशकुमार यादवले त्यहाँ

बाँकी पृष्ठ ४

## खैरो हेरोइनसहित दुईजना ...............

साफी रहेका सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

उनका अनुसार पक्राउ परेकामध्ये साफीको साथबाट खैरो हेरोइनजस्तो पदार्थ र थप खानतलासी गर्दा एक थान इलेक्ट्रिक तराजु र एक थान मोबाइल तथा उनीहरू चढेको स.९ प १०७ नम्बरको मोटरसाइकल बरामद गरिएको छ।

पक्राउ परेका दुवैलाई इलाका प्रहरी कार्यालय लहानमार्फत सोमबार सिरहा जिल्ला अदालतमा उपस्थित गराई थप अनुसन्धानका लागि आठ दिनको म्याद लिइएको छ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)


## अलपत्र कामकाजी .............

श्यामकुमार भट्टराईको इजलासले संविधानको धारा ३२ मा भएको भाषा तथा संस्कृतिको हकसँग सामञ्जस्य हुने गरी आवश्यक कानुनी व्यवस्था गर्न विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो।

मधेश प्रदेशको सरकारी कामकाजको भाषा तोक्न माग गर्दै ललितपुर महानगरपालिका-१६ की रुक्शना कपालीले उच्च अदालत जनकपुरधाममा मुद्दा दर्ता गराएकी थिइन्। उनले प्रदेशसभा सचिवालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय र शिक्षा तथा संस्कृति मन्त्रालयलाई विपक्षी बनाई परमादेश माग गरेकी थिइन्।

सो मागका सन्दर्भमा अदालतले दिएको आदेशमा भाषिक अधिकारसम्बन्धी संवैधानिक व्यवस्था नीतिगत घोषणा मात्र नभई कार्यान्वयनयोग्य मौलिक हक भएको उल्लेख छ। आदेशमा भाषिक न्याय र समावेशी शासनको सिद्धान्तअनुसार बहुभाषिक समाजमा विभिन्न भाषिक समुदायको पहिचान, सम्मान र सहभागिता सुनिश्चित गर्नु राज्यको दायित्व भएको उल्लेख छ। साथै, समानताको अवधारणालाई औपचारिकतामा मात्र सीमित नराखी वास्तविक समानता सुनिश्चित गर्न भाषिक विविधतालाई राज्य संरचनामा समेट्नु आवश्यक रहेको ठहर अदालतको छ।

**विवादित विधेयक**

सरकारी कामकाजको भाषा निर्धारण गर्न मधेश प्रदेशसभामा शिक्षा तथा संस्कृतिमन्त्री रानीकुमारी शर्मा तिवारीले 'सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१' १० माघ २०८१ मा पेस गरेकी थिइन्। विधेयकमा भाषा आयोगको सिफारिसलाई उपेक्षा गरी हचुवाका भरमा पाँच वटा भाषालाई स्थान दिइएको भन्दै आलोचना भएको थियो।

सत्तापक्ष र विपक्षी दलहरूले एकै स्वरमा विरोध गरेपछि मुख्यमन्त्री सतिशकुमार सिंह र मन्त्री तिवारी नै अल्पमतमा पर्ने स्थिति सिर्जना भयो। विरोधकै कारण दर्ता भएको अर्को दिन नै विधेयक फिर्ता लिइयो। संसदमा जनमत पार्टीले मधेश भाषाको मुद्दा अघि सारेको थियो भने थारू, उर्दुलगायत अन्य भाषा बोल्ने सांसदहरूले आआफ्नो मातृभाषा पनि समेट्नुपर्ने अडान राखेपछि विधेयक थप विवादित बनेको थियो।

शिक्षामन्त्री तिवारीको 'स्वार्थ' र भाषा आयोगको सिफारिसलाई उपेक्षा गरिएका कारण उक्त विधेयक विवादित भएको विपक्षीहरूको आरोप छ। त्यसयता सरकारले भाषा निर्धारणका लागि कुनै ठोस पहल गरेको छैन।

भाषा आयोगले २९ भदौ २०७८ मा मधेश प्रदेशका लागि नेपालीका अतिरिक्त मैथिली, भोजपुरी र बज्जिकालाई सरकारी कामकाजको भाषा बनाउन सिफारिस गरेको थियो। राष्ट्रिय जनगणना, २०७८ अनुसार मधेश प्रदेशमा मैथिलीभाषीको हिस्सा ४१.७३ प्रतिशत छ। त्यस्तै, भोजपुरी १८.८१ र बज्जिका १८.४४ प्रतिशत नागरिकले बोल्ने गर्छन्।

तर, आयोगको सिफारिसविपरीत मन्त्री तिवारीले हिन्दी र अंग्रेजीलाई समेत कामकाजी भाषामा समेटेर विधेयक ल्याएपछि विवाद बढेको थियो। आफ्नै दल र विपक्षीको कडा विरोधपछि सरकार नै संकटमा पर्ने देखेपछि दर्ता भएको २४ घण्टा नबित्दै विधेयक फिर्ता लिइएको थियो।

मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी भाषा आयोगको सिफारिस हरेक क्षेत्रमा सर्वमान्य भए पनि मधेश सरकारको 'हठ' का कारण अन्योल सिर्जना भएको बताउँछन्। भन्छन्, "मधेश आन्दोलनको एउटा मुख्य मुद्दा भाषिक पहिचान थियो। तर, राजनीतिक इच्छाशक्तिको कमीका कारण प्रदेश सरकार गठन भएको लामो समयसम्म आफ्नै भाषामा प्रशासनिक काम सुरु हुन सकेन।"

शिक्षामन्त्री तिवारी भने भाषा निर्धारणकै लागि आफूले विधेयक दर्ता गराएको दाबी गर्छिन्। विधेयकमा कमजोरी भए विषयगत समिति वा प्रदेशसभामा छलफल गरेर सच्याउने बाटो हुँदाहुँदै पेस हुनासाथ विवाद गर्नु गलत भएको उनको तर्क छ। अब सबै पक्षसँगको परामर्शमा नयाँ ढंगले अघि बढ्ने उनी बताउँछिन्। मधेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले पनि सबै पक्षसँग छलफल गरेर नयाँ किसिमले विधेयक तयार गरिने जानकारी दिएका छन्।

मधेश प्रदेशका पूर्वमन्त्री एवं प्रदेशसभा सदस्य राजकुमार लेखी भाषा भावनात्मक एकता गराउने कडी भएको उल्लेख गर्दै यसमा कमजोरी भए विस्फोटक अवस्था आउन सक्ने चेतावनी दिन्छन्। मधेशमा सेवाग्राहीले नेपाली भाषामा लेखिएका सरकारी कागजात बुझ्न नसक्दा बिचौलियाको भर पर्नुपर्ने बाध्यता अझै कायम छ। यस्तो गम्भीर विषयमा सबै पक्ष सचेत हुनुपर्नेमा लेखीले जोड दिन्छन्।

# वीरगन्जमा सकियो त्रिभुवन राजपथको केन्द्रबिन्दु निर्धारणको काम



**अपन दैनिक संवाददाता**
**पर्सा, वैशाख २२ गते**

त्रिभुवन राजपथको मुख्य सडक विस्तारका लागि सडकको केन्द्रबिन्दु निर्धारण गर्ने काम वीरगन्जमा सम्पन्न भएको छ। गत मंगलबारदेखि सुरु गरिएको काम एक सातामा सम्पन्न भएको हो।

डिभिजन सडक कार्यालय हेटौंडाका इन्जिनयिर भोला साहका अनुसार गण्डकतर्फबाट नापी सुरु गरिएकामा मंगलबार मितेरी पुलसम्म गरी ८ किलोमिटर त्रिभुवन राजपथको केन्द्रबिन्दु निर्धारण गर्ने काम सम्पन्न गरिएको हो। यो काममा कार्यालयका प्राविधिकसँगै नापी कार्यालय वीरगन्ज, वीरगन्ज महानगरपालिका, जिल्ला प्रशासन कार्यालय पर्सा, जिल्ला प्रहरी कार्यालय पर्साको प्राविधिक कर्मचारीसहितको संयुक्त टोली खटिएको थियो।

टोलीले त्रिभुवन राजपथको आधिकारिक मापदण्डअनुसार सडकको केन्द्रबिन्दु पहिचान गरी सो स्थानमा स्टिलका किला गाड्ने काम गरेको थियो। टोलीले मापदण्डअनुसार नै राजमार्गको मध्यबाट २५/२५ मिटर दायाँबायाँ मापन गरेको साहले जानकारी दिए। वैशाख ६ र ७ मा राजपथ विस्तारका क्रममा राजपथछेउका संरचना हटाइए पनि राजपथको वास्तविक केन्द्रबिन्दु स्पष्ट नभएकाले स्थानीय घरधनीमा यस सम्बन्धमा अन्योल थियो। आ-आफ्नो भौतिक संरचना कहाँसम्म हटाउनुपर्ने हो भन्ने विषयमा अधिकांश अन्योलग्रस्त थिए। दुई दिनमा गरी डिभिजन सडक कार्यालयले १ हजार २ सय संरचनामा प्रारम्भिक चरणको डोजर चलाएको थियो।

अब राजपथको मध्यबिन्दु निर्धारण भएसँगै घर भत्काइएका घरधनीलाई पनि आफूले हटाउनुपर्ने संरचनाबारे यकिन हुन गएको छ। भत्किएको र बाँकी भत्काउनु पर्ने संरचना घरधनीले आफैं भत्काएर हटाउनुपर्ने छ। कार्यालयले हाल सम्म घरधनीहरूलाई संरचना हटाउन समयसीमा नदिएको पनि इन्जिनियर साहले बताए। 'घरधनीहरूले आफैं आफ्नो संरचना हटाइरहेकाले यस्तो नगरिएको हो,' उनले भने, 'अब नापीको काम सम्पन्न भएपछि ६ लेनको राजमार्ग बनाउन इष्टिमेट र डिजाइन हुँदै छ, बाँकी काम क्रमशः अघि बढनेछ।'

# ट्रेड युनियनका कार्यालय बन्द गर्न र आबद्धहरूलाई सुविधा फिर्तासहित काममा फर्किन सरकारको निर्देशन

**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २२ गते**


ट्रेड युनियनका कार्यालय बन्द गर्न र आबद्ध कर्मचारीहरूलाई सुविधा फिर्तासहित काममा फर्किन सरकारले निर्देशन दिएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मंगलबार मन्त्रालय, विभाग, आयोग, सचिवालय र निकायहरूसमेत सबै सरकारी कार्यालयहरूलाई एकमुस्ट पत्राचार गर्दै ट्रेड युनियनको नाममा गतिविधि रोक्न र काममा फर्किन निर्देशन दिएको हो।

अध्यादेशमार्फत ट्रेड युनियनहरू खारेज गरिएपछि सरकारले त्यसको आधारमा थप कदम अघि बढाएको हो। मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गर्दै निर्देशनसहित पत्राचार गरेको छ।

सबै मन्त्रालयहरू र अधिकांश केन्द्रीय निकाय, संस्थानहरूमा ट्रेड युनियनपिच्छेका विभागीय संरचना र समिति छन्। ती सबैलाई बन्द गर्न मन्त्रालयले भनेको छ। सबै निकायहरूलाई एकमुस्ट सम्बोधन गर्दै मन्त्रालयले गरेको पत्राचारमा 'कार्यालय र अन्तर्गतका निकायहरूमा रहेका निजामती कर्मचारीसँग सम्बन्धित ट्रेड युनियन (आधिकारिक ट्रेड युनियनसमेत)का विभागीय तथा अन्य समितिका कार्यालय बन्द गर्न' भनिएको छ।





नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(प्रशासन सुधार तथा व्यवस्थापन परीक्षण शाखा)

पत्र सङ्ख्याः २०८२/८३
चलानी नं: ६९
नेपाल संवत् ११४६
वि.सं.- २०८३।०१।२२

विषयः ट्रेड युनियनका कार्यालय बन्द गर्ने सम्बन्धमा।

श्री मन्त्रालय/विभाग/आयोग/सचिवालय/निकायहरू (सबै),

प्रस्तुत विषयमा केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ बाट निजामती सेवा ऐन, २०४९ को दफा ५३ मा रहेको ट्रेड युनियन सम्बन्धी व्यवस्था खारेज भएको व्यहोरा विदितै छ।

उक्त सन्दर्भमा, तहाँ तथा अन्तर्गतका निकायहरूमा रहेका निजामती कर्मचारीसँग सम्बन्धित ट्रेड युनियन (आधिकारिक ट्रेड युनियन समेत) का विभागीय तथा अन्य समितिका कार्यालयहरू बन्द गरी, उक्त समिति र समितिमा आबद्ध रहेका कर्मचारीहरूले ट्रेड युनियनको प्रयोजनका लागि कार्यालय भवन, कार्यकक्ष, सवारी साधन लगायतका अन्य सेवा सुविधा तथा सरकारी सम्पत्ति उपयोग गरेको भए सम्बन्धित कार्यालयले फिर्ता लिई ट्रेड युनियनका विभिन्नस्तरका समितिमा आबद्ध भएका कर्मचारीहरूलाई तोकिएको दरबन्दी अनुसारको कार्य जिम्मेवारीमा खटाउने व्यवस्था मिलाउनु हुन मिति २०८३/०१/२२ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

2083/1/22
(विवेक बिडारी)
शाखा अधिकृत

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार काठमाडौं।

विभागीय तथा अन्य समिति र त्यसमा आबद्ध रहेका कर्मचारीहरूले ट्रेड युनियन प्रयोजनका लागि कार्यालय भवन, कार्यकक्ष, सवारीसाधनलगायतका अन्य सेवासुविधा तथा सरकारी सम्पत्ति उपयोग गरेको भए सम्बन्धित कार्यालयलाई फिर्ता लिनसमेत भनिएको छ। ट्रेड युनियनका विभिन्नस्तरका समितिमा आबद्ध भएका कर्मचारीहरूलाई तोकिएको दरबन्दीअनुसारको कार्य जिम्मेवारीमा खटाउने व्यवस्था मिलाउनसमेत मन्त्रालयले निर्देशन दिएको छ।

## सडक छैन तर ...........

पुल बनेको विषयमा आफूलाई जानकारी नरहेको बताए। 'यस विषयमा मैले पनि थप बुझ्नैपर्छ,' उनले भने।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
**सिधा सम्पर्क**
**०३३-५२१२१४**

## संविधान संशोधन बहसपत्र कार्यदलले गऱ्यो .............

संवैधानिक निकायको संरचनामा सुधारका विभिन्न सुझाव दिए।

छलफलमा पूर्वप्रशासक एवं विज्ञहरू विमल कोइराला, उमेश मैनाली, टङ्कमणि शर्मा दङ्गाल, मधुरमण आचार्य, मानबहादुर विक, यमकुमारी खतिवडा, भानु आचार्य, सोमलाल सुवेदी, जयराज आचार्य, कृष्णहरि बास्कोटा, गणेश जोशीलगायतले आ-आफ्नो राय-सुझाव प्रस्तुत गरे।

पूर्वमुख्यसचिव विमल कोइरालाले प्रत्यक्ष निर्वाचन प्रणालीसँगै समानुपातिक प्रतिनिधित्व अनिवार्य बनाउनुपर्ने, राष्ट्रियसभाको सदस्य सङ्ख्या घटाउनुपर्ने र उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउने व्यवस्था गर्नुपर्ने सुझाव प्रस्तुत गरे।

उनले सङ्घ, प्रदेश र स्थानीय तहबीचका बाझिएका अधिकार स्पष्ट पार्दै स्थानीय तहलाई थप अधिकार सम्पन्न बनाउनुपर्नेमा जोड दिए।

अर्का पूर्वराष्ट्रसेवक उमेश मैनालीले सांसदहरूको मन्त्री बन्ने आकाङ्क्षाले नीतिनिर्माण प्रभावित भएको उल्लेख गर्दै सांसदलाई कानुन निर्माणमै सीमित गर्नुपर्ने र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको व्यवस्था गर्नुपर्ने धारणा राखे।

उनले संवैधानिक परिषद्मा प्रधानन्यायाधीशको सहभागिता उपयुक्त नहुने बताउनुभयो। विज्ञ जयराज आचार्यले मन्त्रालयको सङ्ख्या घटाउने सरकारको तयारीको प्रशंसा गर्दै विद्यार्थी युनियन तथा



सङ्गठनहरू खारेज गर्ने कदमप्रति सोही बैठकमार्फत सरकारलाई धन्यवाद दिए।

उनले मन्त्रालय सङ्ख्या घटाउने पहल सकारात्मक भएको उल्लेख गर्दै भूराजनीतिक मुद्दामा सरकार सचेत रहनुपर्ने सुझाव दिए। अधिकांश विज्ञले संवैधानिक परिषद्को संरचना पुनरावलोकन, संवैधानिक निकायहरूको सङ्ख्या घटाई पूर्ण स्वायत्त बनाउने, मन्त्रालयको सङ्ख्या घटाउने तथा विज्ञलाई मन्त्री बनाउने व्यवस्थामा जोड दिएका थिए।

स्थानीय तहलाई अधिकार सम्पन्न बनाउन, सांसदहरूलाई कानुन निर्माणमा केन्द्रित गराउन, प्रदेशमा मन्त्रालय सङ्ख्या सीमित गर्न र प्रतिनिधित्व सुनिश्चित गर्न समावेशी सिट निर्धारण गर्ने विषयमा पनि साझा धारणा देखिएको थियो।

परराष्ट्रविद् तथा सहभागीहरूले भूराजनीतिक सन्तुलनमा सचेत रहन, छिमेकी राष्ट्रसँग विश्वासको वातावरण निर्माण गर्न र सन्धिसम्झौताहरू पुनरावलोकन गर्न सुझाव दिए।

साथै, संघीयताको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहलाई अधिकार सम्पन्न बनाउनेसँगै कर प्रणालीलाई एकरूप बनाउने र महिला तथा सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने विषयमा पनि जोड दिइएको थियो।

कार्यदलले प्राप्त सुझावहरूलाई बहसपत्रमा समेट्दै आगामी चरणमा थप परामर्श अघि बढाउने जनाएको छ।

## मधेशमा सत्ता फेर्ने .............

हैसियतले अर्थमन्त्री यादवले भने प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णलाई मंगलबार पत्र लेख्दै 'कांग्रेस नेतृत्वको सरकारलाई समर्थन रहिरहेको' जानकारी गराएका छन्।

'जनमत पार्टीको संसदीय दलको नेता म महेशप्रसाद यादव रहेको छु। मेरो जानकारी तथा मैलै नबोलाएको संसदीय दलको बैठक विनाको कुनै पनि निर्णय आधिकारिक छैन,' यादवले प्रदेश प्रमुखलाई लेखेको पत्रमा भनिएको छ, 'मधेश प्रदेश सरकारको मुख्यमन्त्री कृष्णप्रसाद यादवको नेतृत्वको सरकारलाई जनमत पार्टीको आधिकारिक समर्थन रहिरहेको जानकारीसहित अनुरोध छ।'

कांग्रेस नेतृत्वको सरकारलाई समर्थन रहेको र फिर्ता लिइएको मामिलामा जनमत पार्टीभित्र कलह बढेको छ। मन्त्रीबाट फिर्ता बोलाइएका यादव र कुशवाहा मन्त्री पद नछाड्ने अडानमा छन् भने मन्त्रीबाट फिर्ता नभए उनीहरुलाई कारबाही गर्ने जनमत पार्टीको तयारी छ।

यता, जनमत पार्टीको संसदीय दलका नेता बनेका सिंहले भने सत्ता सारथि दल जनता समाजवादी पार्टी, लोसपा र नेकपालाई पनि कांग्रेस नेतृत्वको सरकारबाट समर्थन फिर्ता लिनका लागि पहल गरिरहेका छन्। एमालेबाट ग्रिन सिग्नल पाएपछि जनमत, जसपा, लोसपा र नेकपा मधेश प्रदेशमा नयाँ सत्ता समीकरण बनाउने कसरतमा लागेका छन्। जसपाका एक प्रदेश सांसदका अनुसार जनमत पार्टीले सरकारबाट समर्थन फिर्ता लिएपछि फेरिएको राजनीति परिदृश्यका बारेमा जसपाले चासो राखेका छन्। 'दलहरुबीच अनौपचारिक कुराकानी भइरहेको छ,' जसपाका ती सांसदले भने, 'जनकपुरमा उपलब्ध नेता र सांसदबीचको छलफलले मात्रै सत्ता फेरिनेसम्मको अवस्था नआउन सक्छ। सबै दलका केन्द्रीय नेतृत्वसँग परामर्शमा छ।'

मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिएको पत्र प्रदेश प्रमुखलाई मंगलबार बुझाइने भनेर अपराह्न २ बजेर ३० मिनेटमा पत्रकारहरुलाई प्रदेश प्रमुखको कार्यालयमा बोलाइएको थियो। ठूलै संख्यामा पुगेका सञ्चारकर्मीहरु कुर्दै नेताहरुलाई फोन गर्दा 'एकैछिन कुर्नु न, हिँड्न लागें' भन्दै करिब ४ बजेसम्म कुराइएको थियो। नेकपाका एक प्रदेश सांसदका अनुसार सरकार फेर्ने विषयमा सारथि दलहरुबीच मतैक्य रहेकाले समझदारीमा पुग्न ढिलाइ भइरहेको छ। मधेश प्रदेशका पूर्वमुख्यमन्त्री एवं जसपा नेपालका महासचिव लालबाबु राउतले मधेश प्रदेशमा कांग्रेसको नेतृत्वमा रहेको सरकार फेर्ने आफ्नो दलभित्र कुनै छलफल र निर्णय नभएको प्रष्ट पारे। 'मधेश प्रदेश सरकारको एजेन्डामा दलभित्र र संसदीय दलमा कुनै छलफल र निर्णय भएको छैन,' राउतले भने, 'कांग्रेस नेतृत्वको सरकारलाई जसपाको समर्थन कायमै छ।'

कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारले बजेट खर्च गर्न नसकेको र संघीयताको सवालमा सुस्त देखिएकाले सरकार फेर्न लागिएको जनमत पार्टीको आरोप छ। 'कांग्रेस नेतृत्वको मधेश प्रदेश सरकारले बजेट खर्च पनि गर्न सकेन। संघीयतालाई मजबुत बनाउने काम पनि गरेन,' जनमतका महासचिव सिंहले भने,'कृष्ण यादव नेतृत्वको सरकारको मधेशलाई अनुभूति भएन। अब मधेश प्रदेशमा मधेशवादीसहितको सरकार बनाइने छ।'

जेन-जी आन्दोलनको क्रममा मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री सतिशकुमार सिंहले पदबाट राजीनामा गरेपछि यहाँ सत्ता हेरफेरको क्रम चलेको थियो। सिंहलाई आफ्नै दल जनमत पार्टीले मुख्यमन्त्रीबाट 'जबर्जस्ती' हटाएपछि लोसपाका सांसद जितेन्द्र सोनल मुख्यमन्त्री बनेका थिए। तर, माओवादीका दुई सांसद रहवर अनसारी र माला कर्णले विश्वासको मत लिने क्रममा 'विद्रोह गरेपछि' सोनल मुख्यमन्त्रीबाट हटेका थिए। तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले ठूलो दलको हैसियतले एमालेका संसदीय दलका नेता सरोजकुमार यादव(महोत्तरी)लाई बिहान झिसमिसेमै महोत्तरीको एक कटेजमा मुख्यमन्त्री नियुक्त गरेपछि त्यो विवाद सर्वोच्च अदालत पुगेको थियो।

सर्वोच्च अदालतले मुख्यमन्त्रीमा यादवको नियुक्तिलाई असंवैधानिक भन्दै विश्वासको मत लिन आदेश दिएको थियो। एमालेका मुख्यमन्त्री यादवले विश्वासको मत नपाउने छाँट देखेपछि मुख्यमन्त्रीबाट राजीनामा गरेका थिए। त्यसपछि, कांग्रेसका संसदीय दलका नेता कृष्णप्रसाद यादवको नेतृत्वमा सात दल जनमत, जसपा, लोसपा, नेकपा(एस), माओवादी र नागरिक उन्मुक्ति पार्टीको समर्थनमा सरकार बनेको थियो।

मधेश प्रदेश सभामा हाल १ सय १ सांसद छन्। कांग्रेसका २२, एमालेका २४, जनमतका १२, नेकपाका १५, जसपा नेपालका २६, नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टीका १-१ जना सांसद छन्। यसअघि, मधेश प्रदेश सभामा १ सय ७ जना सांसद थिए। लोसपाका अभिराम शर्मा, जसपाका सरोजसिंह कुशवाहा र राप्रपाकी कञ्चन बिच्छा निलम्बित छन् भने जनमतका सतिशकुमार सिंह, नेकपाका भरतप्रसाद साह र रहवर अनसारी प्रतिनिधिसभाको निर्वाचनमा उम्मेदवार हुँदा प्रदेश सांसदबाट राजीनामा गरेका थिए।

## भूमि आयोग निस्क्रिय पारेर अध्यादेशबाट ............

हामीले यसबारे आयोगका प्रवक्ता सनत कार्कीसँग कुरा गर्दा उनले औपचारिक जानकारी नपाए पनि अध्यादेशद्वारा आयोग गठन गर्ने व्यवस्थानै झिकिएको भन्ने सुनेको बताए।

'अध्यादेश ल्याएरै आयोग ;गठनको दफा झिकेको हो भने त आयोग खारेज गरे सरह भहाल्यो,' उनले भने।

यसअघि सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले असोज २३ गते भूमि आयोगको केन्द्रीय कार्यालय र ७७ जिल्लाका कार्यालय विघटन गर्ने निर्णय गरेको थियो, जसलाई पछि सर्वोच्च अदालतले उल्ट्याइदियो।

अब भूमि ऐनबाट आयोगसम्बन्धी व्यवस्था झिकेपछि यो संरचना स्वतः खारेजीको अवस्थामा पुगेको प्रवक्ता कार्की बताउँछन्।

सरकारले भूमि आयोग पुनर्स्थापना गर्ने सर्वोच्चको निर्णय उल्ट्याउन निवेदन पनि दिएको छ।

## विद्यार्थी र कर्मचारी संगठन खारेज गर्ने सरकारी निर्णय ...........

राजनीतिक गतिविधिमा बढी संलग्न हुँदा अपेक्षित परिणाम आउन नसकेको अवस्था देखिएको छ।

'विद्यार्थीको काम पढाइ हो, कर्मचारीको काम सेवा दिनु हो। तर दुवै क्षेत्र राजनीतिमा अल्झिँदा शिक्षा र सेवा दुवै धराशायी भएका छन्,' उनले आफ्नो स्टाटसमार्फत लेखेका छन्।

महतोले सरकारको पछिल्लो निर्णयले यी क्षेत्रलाई पुनः आफ्नो मूल उद्देश्यतर्फ फर्काउन मद्दत गर्ने विश्वास व्यक्त गरेका छन्। उनले यस्तो कदमले संस्थागत अनुशासन, कार्यक्षमता र जिम्मेवारीबोधमा वृद्धि हुने अपेक्षा गरेका छन्।

यद्यपि, सरकारको उक्त निर्णयप्रति विभिन्न तहबाट मिश्रित प्रतिक्रिया आइरहेको छ। कतिपयले यसलाई आवश्यक सुधारको कदमका रूपमा लिएका छन् भने केहीले लोकतान्त्रिक अधिकारमाथिको अंकुशका रूपमा आलोचना गरेका छन्।

शिक्षा र प्रशासनिक क्षेत्रलाई राजनीतिक प्रभावबाट टाढा राख्ने बहस पुरानै भए पनि यसको कार्यान्वयन भने सधैं विवादको विषय बन्ने गरेको छ। यस्तो अवस्थामा सरकारको निर्णयले दीर्घकालीन रूपमा कस्तो प्रभाव पार्नेछ भन्ने विषय अहिले आम चासोको केन्द्रमा रहेको छ।